# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

## उनान्तीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको मिति २०८२/०९/०८ मा बसेको सञ्चालक समितिको ४४९औं बैठकको निर्णयानुसार यस कम्पनीको २९औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा बसी निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्नुपर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल पौष ३० गते बुधवार (तद्अनुसार ई.सं. जनवरी १४, २०२६)

समय : विहान ११:३० बजे ।

स्थान : कुण्डलिनी दरवार, अरुणा लामा मार्ग, काठमाडौं, नेपाल ।

**साधारण सभाको विषय-सूची:**

१. सञ्चालक समितिको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने वारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वासलात र आ.व. २०८१/०८२ को नाफा/(नोक्सान) हिसाव तथा नगद प्रवाह विवरण सहितका अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने वारे ।

३. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने वारे ।

४. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०८१/०८२ आषाढ मसान्तामा कायम भएको चुक्ता पूँजीको आधारमा आ.व. २०८१/०८२ आषाढ मसान्तसम्मको सञ्चितिबाट ४.००% नगद लाभांश वापत रू. ३५,१२,९५,८७६.९५ (नियमानुसार सेयरधनीले तिर्नु पर्ने कर समेत) वितरण गर्ने स्वीकृति सम्बन्धमा ।

५. विशेष प्रस्ताव:

(क) बोनस शेयर वितरण गर्ने प्रयोजनका लागि प्रबन्धपत्र तथा नियमावलीका सम्बन्धित दफाहरू आवश्यकता अनुसार संशोधन गर्ने सम्वन्धमा ।

(ख) सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व. २०८१/०८२ आषाढ मसान्तको चुक्ता पूँजीको ८.००% ले हुन आउने रकम रू.७०,२५,९१,७५३/९१ वरावरको वोनश शेयर आ.व. २०८१/०८२ आषाढ मसान्तको सञ्चित मुनाफाबाट वितरण गर्ने स्वीकृति सम्वन्धमा ।

(ग) सेतीनदी-३ जलविद्युत आयोनाको उत्पादनको अनुमति पत्रको स्वामित्व श्री चिलिमे-सेती हाइड्रोपावर कम्पनी लिमिटेडलाई हस्तान्तरण गर्ने सम्वन्धमा ।

६. विविध ।

**(कम्पनीको आ.व.२०८१/०८२ को नियमित उनान्तीसौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ गते १ दिन शेयर दाखिला खारेज बन्द गर्ने ।)**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्वन्धी अन्य जानकारी ।

१) यस चिलिमे जलविद्युत कम्पनी लिमिटेडको मिति २०८२/०९/३० गते हुने २९औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ गते (एक दिन) शेयर दर्ता पुस्तिका बन्द गरिने व्यहोरा सम्वन्धित सवै मा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१६ गतेसम्म कारोवार भई प्रचलित कानून बमोजिम यस कम्पनीका सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्शाल, काठमाडौं मा प्राप्त सेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न, मतदान गर्न तथा वोनस शेयर र नगद लाभांश पाउने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

२) आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै agm@chilime.com.np मा ई-मेल गरी वा बिहान १०:०० बजेदेखि बिहान ११:०० बजेभित्र कम्पनी सचिवलाई सम्पर्क गरी आफ्नो नाम र इ-मेल ठेगाना टिपाउनु पर्नेछ ।

३) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नावालक शेयरधनीहरुको तर्फबाट नावालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । सभा हुने दिन सभामा उपस्थतिका लागि हाजिर पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ । हाजिर गर्नका लागि परचिय खुल्ने कागजातहरु जस्तै नागरिकता, चालक अनुमति पत्र आदी अनिवार्यरुपमा प्रस्तुत गर्नुपर्ने छ ।

४) संयूक्तरुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

५) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

६) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्शाल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

७) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्शाल, काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सो को सूचना सभा शुरु हुन भन्दा ४८ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्शाल, काठमाडौंमा दिनु पर्नेछ । नयाँ प्रतिनिधिको हकमा माथि वुँदा नं. ५ र ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

८) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा वुँदा नं. ७ बमोजिम सूचना नदिएमा त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

९) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा सहभागी भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नक्शाल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

१०) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषय बारे सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको चिलिमेटावर, धुम्वाराही, काठमाडौं स्थित केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

**द्रष्टव्य:** वार्षिक साधारण सभाको सूचना सहितको छलफलको विषय सूची यस कम्पनीको वेबसाइट www.chilime.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।